# नेपाल राष्ट्र बैंक
नेपालगञ्ज कार्यालय
नेपालगञ्ज

## तोडा चलान (फण्ड ट्रान्सफर) को लागि हेलिकोप्टर भाडामा लिने बारे गोप्य सिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक पुनः प्रकाशित मिति २०७०/०५/०७ )

नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयबाट बिभिन्न जिल्लास्थित वाणिज्य बैंकमा रहेका नोटकोषहरुमा आ.ब.२०७०/७१ मा तोडा चलान(Fund Transfer) गर्ने कार्यको लागि हेलिकोप्टर भाडा लिनु पर्ने भएकोले बैंकले तोकेका क्षेत्रहरुमा हेलिकोप्टर भाडामा दिन इच्छुक एयरलाइन्स/कम्पनीहरुलाई यो सूचना पुनः प्रकाशित भएको मितिले १६ औं दिनभित्र यस कार्यालयमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र (Sealed Tender) आव्हान गरिन्छ ।

१. बोलपत्र फारम सूचना प्रथम पटक पुनः प्रकाशित भएको मितिले १५ दिनसम्म दिनको २:३० बजे भित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जबाट रू.१५,०००।०० (रू.पन्ध्र हजार मात्र, पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।

२. सूचना प्रथम पटक पुनः प्रकाशित भएको मितिले १६ औ दिनको (सो दिन बिदा परे कार्यालय खोलेको पहिलो दिन) अपरान्ह १२:०० बजेभित्र नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा बोलपत्र दाखिला गरी सक्नु पर्नेछ पेश भएका बोलपत्र सोही दिन दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा नपर्ने) नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा खोलिने छ ।

३. बोलपत्र पेश गर्दा बोलपत्रदाताले विड वण्ड वापत कबुल गरेको रकमको ५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाब (२१०९९९/०११/००२/५२४) मा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ वा सो रकम बराबरको यस बैंकलाई मान्य हुने बैंकको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र स्वीकार गर्ने, नगर्ने तथा पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ ।

५. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ र यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय, नेपालगञ्जमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।

६. बोलपत्रको अनुमानित लागत रू. ८६,००,०००/- (रू. छियासी लाख मात्र) रहेको छ ।

७. बोलपत्र फारम नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालय, क्षेत्रीय कार्यालय, नेपालगञ्जबाट खरिद गर्न सकिने छ ।

८. बोलपत्रको सूचना यस बैंकको Website: www.nrb.org.np मा समेत राखिएको छ ।

नेपाल राष्ट्र बैंक
नेपालगञ्ज कार्यालय